स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गाईजात्राको छेको पारेर सुपरहिट 'जात्रा' फ्रेन्चाइजको तेस्रो श्रृंखला 'महाजात्रा'को निर्माण घोषणासँगै स्टारकास्ट तथा प्रदर्शन मिति सार्वजनिक गरिएको छ । एउटा ट्रकको पछाडिको भागलाई चित्रित गरिएको पोस्टरमा फिल्मको प्रदर्शन मिति आगामी चैत ९ गते उल्लेख छ । फिल्ममा 'जात्रा' सिरिजकै चार कलाकारहरु विपिन कार्की, रविन्द्र सिंह बानियाँ, रविन्द्र झा र वर्षा राउत पुन: दोहोरिने भएका छन् । साथै, फिल्ममा कलाकार हरिवंश आचार्यको पनि अभिनय रहने भएको छ ।

आजको विचार...



किरण चित्रकार

कसले... (दुई पेजमा)



फिल्म 'जय हो'को कथा सरल छ । प्रेमी अशोकसँग ब्रेकअप भएकी सजिना घरमा बुवाआमाको दिनहु हुने झगडाका कारण थप आजित छिन् । उनको मानसिक अवस्था नै बिथोलिएको छ । बुवाआमाको झगडाकै कारण घर छाडेर निस्किएकी उनको भेट मुस्ताङका लागि हिँडेका जय, दोर्जे र मायासँग हुन्छ । केकी अधिकारी 'सजिना'को भूमिकामा छिन् । सलोन बस्नेतले 'जय' नामक फोटोग्राफरको भूमिका निर्वाह गरेका छन् । माओत्से गुरुङले 'दोर्जे' र निशा अधिकारीले 'माया' नामक पात्रको भूमिका निर्वाह गरेका छन् ।

❐ वर्ष २९ ❐ अंक ४२ ❐ २०८० भदौ १० गते आइतबार 27 August 2023, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### रेलमा आगलागी हुँदा नौ जनाको मृत्यु

**मदुराइ (तमिलनाडु),** भदौ ९/ शनिबार बिहान मदुराइ रेलवे स्टेशन नजिकै रोकेर राखिएको रेलको डिब्बा भित्र आगलागी हुँदा उत्तर प्रदेशबाट यात्रा गरिरहेका नौ जना तीर्थयात्रीको मृत्यु भएको छ भने ५० भन्दा बढी घाइते भएका छन् । पुनालुर-मदुराई एक्सप्रेसले लखनाउबाट ल्याएको उक्त डिब्बामा आगालागी भएको पुष्टि गर्दै दक्षिणी रेलवेले प्रत्येक मृतकका आफन्तलाई रु १० लाख अनुदान दिने घोषणा गरेको छ । अवैध रूपमा तस्करी गरिएको ग्यास सिलिन्डर रेलको डिब्बामा राखिएको र सोही विष्फोट हुँदा उक्त हतातहती भएको रेलवेले एक विज्ञप्ति निकालेर बताएको छ । कफी बनाउन ग्यासको चुलो बाल्ने प्रयास गर्दा सिलिन्डर विष्फोट भएको उल्लेख गर्दै विज्ञप्तिमा ५५ जनालाई उद्धार गरिएको र नौ शव बरामद गरिएको जनाइएको छ । दुर्घटनास्थलमा उद्धार जारी छ । दक्षिणी रेलवेका मुख्य जनसम्पर्क अधिकारी बी गुगनेसनले रेलको डिब्बाभित्र यात्रीले गैरकानुनीरुपमा ग्यास सिलिण्डर राखेर भान्सासमेत सञ्चालन गर्दा दुर्घटना भएको बताएका छन् । जुनसुकै यात्रीले रेलका डिब्बा आवश्यक दस्तुत तिरेर यात्रा गर्नसक्ने तर कुनै पनि प्रज्वलनशील पदार्थ ल्याउन नपाइने कुननी व्यवस्था रहेको उनले स्पष्ट गरेका छन् ।

# दाजुभाइको लोभलाग्दो कृषि कर्म

*तीन भाइ मिलेर पढाईसँगै कृषिलाई अगाडि बढाए । अहिले उनीहरु पढाई सकेर कृषिमै रमाइरेका छन् । दाजुभाइले तकारी विक्रीबाट राम्रो आम्दानी गरिरहेका छन् । सरकारी जागिर खानेको भन्दा उनीहरुको कमाइ कम छैन् । विदेश पलायन हुने युवाका लागि दाजुभाइ उदाहरण नै बनेका छन् ।*

**रामचन्द्र रायमाझी** ——

**पाल्पा,** भदौ ९/नेपाली विषयमा डिग्री हासिल गरेका तानसेन -७ काजीपौवाका गम्बीरजंग रायमाझीसँग सरकारी जागिरको कुनै गुञ्जायस थिएन् । पैसा कमाउन विदेश पलायन हुने सोच कहिल्यै आएन । बरु गाउँघरमै आफ्नो बारीमा खेती गर्न पाउँदा उनी औधी रमाउँथे । १६ वर्ष उमेरदेखि नै व्यवसायिक कृषिमा लागेका रायमाझीको दैनिकी बारीमा फल्दै गरेका कृषिजन्य उपजको रेखदेखबाट सुरु हुन्छ ।

विहान सबेरै उठेर तकारीमा पानी लगाउनेदेखि गोडमेल सकेर ६ बजे नै नजिकैको क्याम्पस पढाउन पुछन् । ११ बजेसम्म अध्यापनमै व्यस्त रायमाझी छुट्टी भएपछि भने घर फर्किर पुन: कृषि कर्ममै लाग्छन् । उनलाई सघाउन माइलो भाई सुरेन्द्र र कान्छो भाइ सुरज पनि बारीमा पुग्छन् । गोलभेडा, काउली, बण्डा, करेला र खुर्सानी खेतीको गोडमेलमै उनीहरुको दैनिकी वित्छ । भर्खरका यी तीन दाजुभाइ मिलेर काजीपौवास्थित आफ्नै १३ रोपनीमा लोभलाग्दो कृषि खेती गरिरहेका छन् । माइलो भाई सुरेन्द्रले पनि डिग्री गरेका छन् भने कान्छो भाइ सुरजले होटल



व्यवस्थापनमा स्नातक अध्ययन गरेका छन् । पढाई सकेर दाजुभाइले गाउँमै व्यावसायिक कृषिमा रमाएको देखेर छिमेकी छक्क परेका छन् । रायमाझी दाजुभाइले रायमाझी एकिकृत कृषि तथा पशु फर्ममार्फत व्यवसायिक तरकारी खेती गर्दै आएका हुन् । ठूलो बुवा कमल र आमा गीतादेवीको प्रेरणाबाट १६ वर्षको उमेरदेखि नै व्यवसायिक कृषिमा लागेको गम्बीरजंग बताउँछन् । उनी भन्छन् 'मेरो हजुरबुवा कृषि गर्नु हुन्थ्यो, उहाँको सिको गरेर मेरा ठूलो बुवाले पनि कृषि नै गर्नु भयो, आमा सुन्तला जात तथा फलफूल विकास केन्द्र बागवनीमा काम गर्ने, जसको काम देखेर मलाई पनि कृषि गर्नु पर्छ भन्ने सोच पलाएको हो ।' कक्षा ९ पढ्दादेखि नै बारीमा काउली, बण्डा, सिमि फलाएर ढाक्रामा राखेर घर-घरमा बेच्न लैजाने गरेको गम्बीर सम्झन्छन् । उनले तरकारी बेचेरै घर, पढाई खर्च चलाउने मात्र होइन घर समेत खडा गरेका छन् । उनी घरको जेठो छोरा भएकाले पनि भाइहरुले दाईको कामलाई अनुसरण गरे । तीन भाइ मिलेर पढाईसँगै कृषिलाई अगाडि बढाए । अहिले उनीहरु पढाई सकेर कृषिमै रमाइरेका छन् । दाजुभाइले तकारी विक्रीबाट राम्रो आम्दानी गरिरहेका छन् । सरकारी जागिर खानेको भन्दा उनीहरुको कमाइ कम छैन् । विदेश पलायन हुने युवाका लागि तीन दाजुभाइहरु उदाहरण नै बनेका छन् । दाजुभाईले मौसमी, बेमौसमी दुवै सिजनका तरकारी उत्पादन गर्दै आएका छन् । काँक्रा, गोलभैँडा, बन्डा, काउली, सिमी, भेण्टा, साग, लगायतका तरकारी उनीहरुले उत्पादन गर्ने गरेका छन् । तरकारी विक्रीबाटै उनीहरुले वार्षिक ५ देखि ६ लाखसम्म आम्दानी गर्दै आएका छन् । प्लाष्टिक घर (टनेल) मा समेत उनीहरुले तरकारी लगाएका छन् । नर्सरी बनाएर प्याज, काउलीका बिरुवा, खुर्सानी तिहारमा लगाउने फुल समेत दाजुभाइले उत्पादन गर्छन् । उब्जाउ माटो र सिँचाइको प्रसस्त सुविधा भएकाले पनि तरकारी राम्रो उत्पादन हुने गरेको गम्बीर बताउँछन् । फार्मको सबै उत्पादन तानसेनकै बजार क्षेत्रमा खपत हुन्छ । पहिलेजस्तो ढाकारमा राखेर घर-घर पुऱ्याउनु पर्दैन । उत्पादन दिन सके बजारको कुनै अभाव नभएको उनीहरु बताउँछन् । तरकारी खेती थप विस्तार गर्ने योजनामा रहेको सुरेन्द्र रायमाझीले बताए । उनी भन्छन् 'जग्गा आफ्नै भएकाले भाडा तिर्नु पर्दैन् ।' 'व्यावसायिक रूपमा कृषि गरेरै राम्रो आम्दानी गर्न सकिने रहेछ,' उनी भन्छन् 'खेतीबाट राम्रो आम्दानी भइरहेको छ, खर्चको अभाव छैन ।' होटल व्यवस्थापनमा स्नातक गरेका सुरज केही समय वैदेशिक रोजगारीको सिलसिलामा चाइना पुगेर फर्किएका हुन् । प्रविधिको उच्चतम् प्रयोग गरेर व्यावसायिक कृषि खेती गर्दा आफूले मिहिनेत गरे अनुसारकै प्रतिफल लिन सकिने सुरजले बताए । 'पहिला प्रविधिका बारेमा खासै थाहा भएन,' उनले भने, 'अहिले प्रविधिको प्रयोग पनि गर्दै छौं ।' आफूहरूजस्ता युवाले गाउँ फर्केर व्यावसायिक कृषि खेती गर्दा पनि राज्यका तर्फबाट भने कुनै सहयोग नपाएको उनको गुनासो छ । पहुँचका भरमा कृषिको अनुदान पाउने प्रवृत्तिका कारण पनि आफूहरू मर्कामा परेको रायमाझीको भनाई छ । उनीहरुले आफ्नो जग्गामा तकारी मात्र लगाएका छैनन्, विभिन्न प्रजातिका घाँस समेत लगाएका छन् । घाँस विक्रीबाटै उनीहरुले वार्षिक एक लाखसम्म आम्दानी गर्छन् । तीन भाइलाई आमा गीतादेवी, जेठी बुहारी सिर्जना र माइली बुहारी तुल्सीले समेत सहयोग गर्दै आएका छन् । 'हाम्रो परिवार नै कृषि कर्ममा लागेको छ । कृषिमा छोराहरूको मेहनत देखेर खुसी लाग्छ' आमा गीतादेवीले भनिन् । कृषिले उनीहरुलाई आत्मनिर्भर मात्र बनाएको छैन, इज्जत पनि दिलाएको छ । केही समय अघि उनीहरुले गाई पालन समेत गरेका थिए । अहिले गाई पालन छोडेर तरकारीमै केन्द्रित छन् । 'कृषिमै भविष्य देखेर लागेका छौँ, अझै धेरै गर्नुपर्ने छ', गम्बीरले भने, 'आफ्नै ठाउँमा, घर परिवारसँग खुशीसाथ बसेर काम गर्न पाउनु नै हाम्रो खुसी, सन्तुष्टि हो ।' उनले अरुको देशमा खर्चने श्रम र पसिना आफ्नै माटोमा सिञ्चित गर्न पाउँदा गौरव लाग्ने गरेको सुनाए । गम्बीर विभिन्न शैक्षिक, सामाजिक र वित्तिय क्षेत्रमा समेत सक्रिय रहँदै आएका छन् ।

## लुम्बिनीमा भदौ १४ मा गाईजात्रा नमनाइने




**बुटवल,** भदौ ८/लुम्बिनी प्रदेशका नेवार समुदायले भदौ १४ गते परेको यस वर्षको गाईजात्रा पर्व नमाउने भएका छन् । नेवा: देय् दबू लुम्बिनी प्रदेश समितिले बुटवलमा पत्रकार सम्मेलन गरी पञ्चाङ्ग निर्णायक समितिले जारी गरेको पात्रो अनुसार भदौ १४ गते गाईजात्रा पर्व नमनाउने बताएको हो ।

चन्द्रमाका आधारमा आफ्नै पात्रो र तिथी रहने भएकाले नेवा: पात्रो अनुसार निर्धारण गरिएको पर्व नै वैज्ञानिक रहेको भन्दै उनीहरुले भदौ १५ मा मनाउने बताएका छन् । पछिल्लो केही वर्षदेखि नेवार समुदायको पर्वहरुलाई विवादास्पद बनाउने कार्यहरु भइरहेको भन्दै उनीहरुले नेवा:पात्रो अनुसार बनाउने स्पष्ट पारेका छन् । प्रदेश समितिले सबै नेवार समुदायलाई भदौ १५ गते गाईजात्रा पर्व मनाउन आग्रह समेत गरेको छ । पञ्चाङ्ग पात्रोमा जनै पुर्णिमा र गाईजात्रा एकैदिन परेको छ तर नेवार समुदायले परम्परादेखि जनै पूर्णिमाको भोलिपल्ट मात्र गाईजात्रा मनाउने गरेका छन् ।

## बगनासकाली विवाद कायमै : पीडित बोटे युवाहरुको पालिकामा धर्ना

**पाल्पा,**भदौ ९/जिल्लाको बगनासकाली गाउँपालिकाले गिट्टी, बालुवा निकासीका लागि काटेको रोयल्टी बापतको बिल प्रमाणिकरण गर्न नमाने पछि वडा ६ का स्थानीय बोटे युवाहरुले शुक्रारदेखि पालिकाको राजस्व शाखामा धर्ना दिएका छन् ।

३५ वर्षीय दलबहादुर, २७ वर्षीय प्रकाश बोटेसहित वडाअध्यक्ष लक्ष्मी अधिकारीका ६८ बर्षीया बुवा लेखनाथ अधिकारी आफुहरुले रोयल्टी बापत काटेको रसिद सक्कल भए, नभएको प्रमाणित प्रमाण दिन माग गर्दै धर्ना बसेका



हुन् । उनीहरुले उक्त माग राख्दै पालिकामा निवेदन दिए पनि पालिकाले दिन आनाकानी गरे पछि हिजो १० बजेदेखि धर्नामा बसेका छन् । दिन भर स्थानीय राजनीतिक दलहका प्रतिनिधी, सञ्चाकर्मी र जनप्रतिनिधी समेतले पालिकाका प्रमुख प्रशासकिय अधिकृतलाई यसको प्रमाणीकरण गरी दिन आग्रह गर्दा समेत पालिकाका माथिल्ला पदाधिकारीहरुले रोकेका कारण आईतबार मात्रै दिन मिल्ने त्यो भन्दा पहिला दिन नसकिने जवाफ दिएका थिए । पीडित बोटेहरुको निवेदनलाई आइतबार कार्यालय खुलेपछि मात्र आफुहरुले रुजु गरेर हेर्ने, अनि मात्र प्रमाणीकरण गरिने भन्दा पनि उहाँहरुले नमानेको पालिका अध्यक्ष सरस्वती चिदीले एनजेडीसँगको कुराकानीमा भनेकी छन् ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## वर्षाको वितण्डाबाट बच्न सचेत बन

केही दिन देखिको अविरल वर्षाका कारण ठाउँ–ठाउँमा बाढी पहिरो र डुबान भएका समाचारहरु आइरहेका छन् । विभिन्न ठाउँमा सडक अवरुद्ध भएका छन् । कतिपय ठाउँमा हवाई सेवासमेत प्रभावित भएको छ । बाढी र डुबानका कारण ठाउँ–ठाउँमा सञ्चार सेवामा बाधा पुगेको छ । मुलुकका धेरै ठाउँमा पानी परिरहेकाले तराईका धेरै भूभागमा डुबानको खतरा अझै छ ।

ताप्लेजुङ, पाँचथर, तेहथुम, संखुवासभा, सोलुखुम्बु बोखलढुंगा, सिन्धुपाल्चोक, सिन्धुली, उदयपुर मकवानपुर, काभ्रेपलान्चोक, काठमाडौं, ललितपुर भक्तपुर, धनुषा, महित्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी पूर्व, रसुवा, नुवाकोट, गोरखा र आसपास भई बहने केही स–साना नदीहरुमा बहाब बढ्न सक्ने पूर्वानुमान छ । यी जिल्लाका नदी तटीय क्षेत्रमा सामान्य सतर्कता अपनाउन मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ । भारी वर्षाका कारण बागलुङका दुई दर्जन बढी घर पहिरोको जोखिममा परेका छन् भने बाढी र पहिरोले सिन्धुपाल्चोकको जनजीवन प्रभावित भएको छ । यस्तो अवस्थामा विपद्मा परेकाहरुका लागि खोज, उद्धार र राहत वितरण कार्यमा सक्रिय रहँदै सम्भावित जोखिमबाट जोगिन/जोगाउन सबै जुट्नुपर्ने बेला आएको छ । सामान्यतया प्रकृति मानिसको नियन्त्रणमा हुँदैन तर यसको प्रभावलाई कसरी कम गर्न र यसबाट आफू कसरी सुरक्षित रहन सकिन्छ भनेर चाहिँ मानिसले विभिन्न उपाय अवलम्बन गर्न सक्छ । यस वर्षाको वर्षाका कारण अहिलेसम्म मानवीय क्षति कम भए पनि भौतिक क्षति भने धेरै नै भएको छ । मानिसलाई केही नभएको तर बस्ने घर भत्केको वा खेती गरेर खाने खेतबारी बगाएको वा पहिरोमा परेका छन् । त्यो पनि एउटा गम्भीर समस्या र क्षति नै हो । अझै बर्खाको समय धेरै बाँकी छ । बाँकी समयमा यस्ता भारी वर्षा हुनसक्ने सम्भावनातर्फ पनि सचेत रहनुपर्छ र सरकारले त्यसका लागि विपद् व्यवस्थापन तयारीका कामहरू गर्नु आवश्यक छ ।

## Opinion @ Social Network

कहिले काहि आफ्नै दात ले पनि आफ्नै जिब्रो टोक्न सक्छ 'हरेक स्टेपमा सतर्क रहदै अगाडि बढ्नुहोस शुभकामना !'
*(सुरेश ढकालको फेसबुक स्टाटस https://www.facebook.com/suresh.dhakal.773)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कसले जोगाउने तानसेनको लाखे नाच ?

==tfg;}g 3df0nf] htf lg/dfof pt}/df0nf]==



**किरण चित्रकार**

> **२०२८ सालपछि भने देउराली परिवार, मित्रु सिं हेमचुरीको ग्रूप, टक्सारको मैत्री क्लव, बसपार्कको कल्याण कोष समितिबाट छोकडङ्गा नाँच निकाल्ने गरेको पाइन्छ । जुन नाच प्रत्यक्ष रुपमा मुखले गाएर, हार्मोनियम, मादल, तबला सहित अन्य बाध्यवादन बजाएर केटालाई केटीको भेषभुषामा सजिएर (मारुनी र जोकर) समूह भएर नाच्ने गरिन्छ । जुन बेला सञ्चारका माध्यमहरु र अन्य मनोरञ्जनका साधन थिएनन् । त्यति बेला सो नाच हेर्नको लागि गाउँ–गाउँबाट मानिसहरु तानसेन आउने गर्थे । २/ ४ दिन तानसेनका होटल र पाटी पौवामा बास बसेर उनीहरुले नाँच हेरेर फर्कन्थे । मइन्टोल, लाल्टिन बालेर नाच हेर्ने गरिन्थ्यो । पछि सञ्चारका साधानहरु प्रसस्त मात्रमा खुल्न थाले र मनोरञ्जनका साधन पनि भए । जसका कारण यी मौलिक नाचहरु विस्तार हराउन थालेका हुन् । अर्कातिर नाच खर्चिलो भएकाले पनि यो देखाउन कम भएको हो ।**

लोक गायक झलकमान गन्धर्वले पाल्पाको तानसेनको महिमा यत्तिकै गाएका हैनन् । प्राकृतिक सौन्दर्यको खानी त छँदै छ, सांस्कृतिक सम्पदाले समेत भरिपूर्ण तानसेन पुग्दा जो–कोहीको मन चङ्गा हुन्छ । तानसेन बजार नेपालकै पुरानो नगरपालिकामध्येमा पर्छ । कुनै समय सेन राजाहरूको गढ रहेको यो ठाउँमा राणा शासकहरुले काठमाडौंबाट नेवार समुदायका कालिगढ लगेर शहरको मुहारै फेरेका थिए । यसैले तानसेनका गल्लीहरु चहार्दै गर्दा घरिघरि काठमाडौंको झल्को मिल्छ । असन, मखन टोल, वसन्तपुर, टुँडिखेल सबै भेटिन्छन् । सेनकालीन सभ्यतादेखि नै पाल्पाको तानसेनलाई काठमाडौंको भाइ मानिँदै आएको छ । भाषा, कला, धर्म, संस्कृति र साहित्यको उर्वर स्थलका रूपमा पाल्पा परिचित छ । कत्युरीवंश, पालवंश, खसवंश, सेनवंश र शाहवंशले शासन गरेको पाल्पामा उनीहरूले अवलम्बन गरेको रीतिरिवाज, रहनसहन, कला, वास्तुकला आजसम्म पनि कहीँ न कतै जीवन्त छ । विजय उत्सवका रूपमा मनाइने पाल्पाको प्रसिद्ध भगवती माईको रथयात्रा, प्रेमसँग जोडिएको लाखे नाँच, एग्रो रिलिजनसँग सादृश्य राख्ने रोपाइँजात्रा, मृत्यु गणनासँग सम्बन्धित सापारु जात्रा, प्रकृतिसँग जोडिएको बाघजात्रा आदि तानसेनका मुख्य जात्रा तथा पर्व हुन् । जात्रा पर्वको माध्यमबाट आपसी भाइचारा, विश्वास, भ्रातृत्व, भगिनीत्व र बन्धुत्वको भावना कायम रहन्छ । यसले पुस्तान्तरणलाई पनि जोडेर राख्छ । समुदायलाई एकताको बन्धनमा बाँधेर राख्ने यस्ता जात्रा, पर्व र संस्कृतिको संरक्षणमा पछिल्लो पुस्ताको आकर्षण भने बढ्न सकेको छैन । संस्कृति सम्वर्द्धनमा पुराना पुस्ता खटेर लाग्न नसक्ने र नयाँ पुस्ताले बेवास्ता गर्दा पछिल्लो समय जात्रा पर्वको रौनक हराउँदै गएको हो । युवा पुस्ताहरूले बेवास्ता गरेको लाखे नाँच पछिल्ला वर्षमा हराउँदै जान थाले पनि पाल्पाका केही युवाहरु जनतन त्यसलाई जोगाउन प्रयास गरिरेहका छन् । यहाँ पाल्पाको लाखे नाचका विषयमा केन्द्रीत रहेर चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

लाखे नाचको बारेमा व्याख्या गर्नु पूर्व पाल्पाका जात्रा र पर्वहरुको सुरुवाती अवस्था र वर्तमान अवस्थाका बारेमा थोरै उल्लेख गर्न चाहन्छु । २०१८ सालतिर पाल्पाको तानसेनमा स्व. लाले जोकर, स्व. प्राण प्रसाद उदय, स्व.ब्रमशेखर बज्राचार्य, स्व. चन्द्रमान श्रेष्ठ, स्व.बुद्धरत्न शाक्य, स्व. थापा काका, स्व. डण्डे बाहुन, स्व. युक्तलाल चित्रकार, स्व. बाबुराम सुवाल स्व. रामबहादुर चौधरी लगायतका कलाकारहरुले छोकडा नाँच, चुइकी फिराइ, गाँठे मंगल, लाखे नाँच निकाल्ने गरेका थिए । २०२८ सालपछि भने देउराली परिवार, मित्रु सिं हेमचुरीको ग्रूप, टक्सारको मैत्री क्लव, बसपार्कको कल्याण कोष समितिबाट छोकडह्रा नाँच निकाल्ने गरेको पाइन्छ । जुन नाच प्रत्यक्ष रुपमा मुखले गाएर, हार्मोनियम, मादल, तबला सहित अन्य बाध्यवादन बजाएर केटालाई केटीको भेषभुषामा सजिएर (मारुनी र जोकर) समूह भएर नाच्ने गरिन्छ । जुन बेला सञ्चारका माध्यमहरु र अन्य मनोरञ्जनका साधन थिएनन् । त्यति बेला सो नाच हेर्नको लागि गाउँ- गाउँबाट मानिसहरु तानसेन आउने गर्थे । २/ ४ दिन तानसेनका होटल र पाटी पौवामा बास बसेर उनीहरुले नाँच हेरेर फर्कन्थे । मइन्टोल, लाल्टिन बालेर नाच हेर्ने गरिन्थ्यो । पछि सञ्चारका साधानहरु प्रसस्त मात्रमा खुल्न थाले र मनोरञ्जनका साधन पनि भए । जसका कारण यी मौलिक नाचहरु विस्तार हराउन थालेका हुन् । अर्कातिर नाच खर्चिलो भएकाले पनि यो देखाउन कम भएको हो । मौलिक संस्कृति लोप हुन थालेपछि २०५२ देखी कल्याण कोष समिति (क्लव) ले त्यसको संरक्षण्मा केही चासो देखाएको हो । लोप हुने अवस्थामा पुगेका गाँठे मंगल, चुड्की फिराइ, प्रहसन, बाघजात्रा र लाखे नाच निकाल्दै आएको थियो । त्यति बेला अर्चले, बराङ्दी, बर्तुङ, काजीपौवा, धरमपानी लगायतका स्थानबाट रोपाई जात्रा निकाल्ने गरिन्थ्यो, तर पछि यहाँका स्थानीय सरकार र बजारका व्यापारीहरुबाट आर्थिक सहयोग हुन छोडेपछि यस्ता जात्रा विस्तारै देखाउन छोडियो । क्लवले पनि सहयोग नभएपछि क्रमशः छोड्दै जान थाल्यो ।

लोपउन्मूख अवस्थामा रहेको नाच मध्ये लाखे नाँच पनि एक हो । यो तानसेनको रणउजेश्वरी भगवती मन्दिरमा जागरामका दिन देखाउने गरिए पनि २०६२/०६३ मा २ वर्ष त्यो देखाइएन । हरेक वर्ष लाखे देखाउँदा रमाइलो हुने र मानिसहरुको भिड हुने गरे पनि त्यो क्रमशः कम हुँदै गयो । भगवती मन्दिरमा लाखे ननिकालेपछि यहाँका कलाकारहरुले आफै भए पनि निकाल्ने अठोट गरि २०६४ देखी लाखे निकाल्न थाले । २०५२ सालदेखि नै जिल्लाको कला संस्कृतिको संरक्षणमा काम गर्दै आएको कलाकारहरुको समूह पाल्पाली नाट्य कला सांस्कृतिक समूहले २०६४ साल देखी अहिलेसम्म निरन्तर रुपमा लाखे नाच देखाउँदै आएको छ । शुरुका दिनहरुमा समूहले लाखे निकाल्दा लाखेको खप्पर मात्र राखेर निकाल्ने गथ्यो । पछि चौरीको कपालको रुपमा तानसेन बसपार्कका थमाङ्ग सिं पौडेलले स्वीटर बुन्ने कालो ऊनीको धागोलाई कटिङ गरी कपाल बनाइदिएका थिए । २०६५ सालमा तानसेनवासीबाट केही आर्थिक, तानसेन गुठी, गुठीका पदाधीकारी र हेमन्त कोलाक्षपती, कोकील गोबिन्द श्रेष्ठ, शान्ता शाक्य, गृह मान सिं, भरत देउराली, अशोक महर्जन, स्व. श्याम कक्षपती जस्ता व्यक्तिहरुबाट लाखेको खप्पर, चौरीको बाल, ढोल, भ्याली सहयोग भएको थियो । जसले गर्दा लाखे नाचलाई थप स्तरीय बनाउन ठूलो भूमिका खेलेको कुरालाई विर्सनु हुँदैन । अर्को वर्ष थमाङ्का बुबाबाट सिलबरको ढकनीबाट आृनै हातबाट कुडेर लाखेको खप्पर बनाइ दिनुभएको थियो । यसरी लाखे नाच नाँच्दै जादा तानसेनवासी र तानसेन नगरपालिका, देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पा, पाल्पा उद्योग वाणिज्य संघ, श्रीनगर यातायात लगायत थुप्रै संघ संस्थाहरुबाट थोरै, धेरै सहयोग रहयो । जसका कारण अहिलेसम्म ३ वटा पुरुष १ वटा महिला लाखे नाच देखाउन समूह सक्षम भएको छ । एक दिन लाखे निकाल्दा २२ हजार खर्च हुने गरेको छ । कहि कतैबाट सहयोग नभए यो देखाउन पनि सम्भव छैन् ।

नागपञ्चमीको दिनदेखि तानसेनमा लाखे नाच देखाउन सुरु गरिएको छ । लाखे नाच नेवार संस्कृतिको धरोहर हो । नेवार संस्कृतिमध्ये वर्षे नाच अन्तर्गत हरेक वर्षको नागपञ्चमीका दिनदेखि विभिन्न नाचका साथै लाखे नाच देखाउने गरिन्छ । हिन्दू धर्म ग्रन्थमा वर्णित द्वापरयुगमा भगवान् श्रीकृष्ण र उनका मामा कंशबीचको लडाइँको अभिनय गरी यो नाच नाच्ने गरिन्छ । नेपाल भाषा वंशावलीअनुसार लाखे नाचको चलन राजा गुणकामदेवले सुरु गरेको बताइए पनि राजा प्रताप मल्लका पालादेखि मुकुट लगाएर लाखे नाच्ने गरिएको नेवार समुदायका अगुवाले बताएका छन् । संस्कृति संरक्षण गर्नु सबैको दायित्व हो, तर यसतर्फ राजनीतिक दल, सरकारले खासै चासो देखाएको देखिदैन । यो अत्यन्त चिन्ताको विषय हो । जसो तसो सहयोग जुटाएरै भए पनि पाल्पाली कलाकारहरुले यस्ता संस्कृतिहरुको संरक्षण गर्दै आएका छन् । यसलाई राम्रै मान्नुपर्छ । संस्कृतिको संरक्षण गर्नु कलाकारको मात्र दायित्व होइन, यसमा सबैको सहयोग र साथ आवश्यक रहन्छ । भाषण र कागजमा संस्कृतिको संरक्षणको कुरा गरिन्छ र लेखिन्छ पनि तर व्यवहारतः त्यो देखिदैन । स्थानीय प्रदेश र संघीय सरकारले लाखे नाच जस्ता मौलिक जात्रा, पर्वहरुको संरक्षरण र प्रवर्द्धनमा चासो देखाउन जरुरी छ । अन्यथा यस्ता मौलिक संस्कृतिहरु भोलिका पुस्ताका लागि एका देशको कथा नबनोस् ।

**(लेखक पाल्पाली हाँस्य व्यङ्ग्य कालाकार सँगै पाल्पाली नाट्य कला सांस्कृतिक समूहका अध्यक्ष समेत हुन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धार्मिक क्षेत्रको भ्रमण हुनसक्छ । पारिवारिक सद्भाव बढ्नेछ । | **तुला** : सामाजिक क्षेत्रबाट सम्मान प्राप्त हुनेछ । बोलीको प्रभाव पनि बढ्नेछ । |
| **वृष** : नयाँ कार्य प्रारम्भ गर्न सकिने छ । छोटो यात्रा तय गर्न सकिनेछ । | **वृश्चिक** :मिठो परिकार खान पाइएला साथै शेयर बजारबाट सफलता हात पर्नेछ । |
| **मिथुन** : । दाम, इनाम र प्रतिष्ठाको लागि सहकार्यको योजना बन्ला । | **धनु** : कीर्तिमानी काम गर्ने समय छ । बन्धु बान्धवबाट सहयोग पनि मिल्नेछ । |
| **कर्कट** : नयाँ कार्य योजनाबाट लाभ लिन सकिन्छ । साथीभाइबाट हौसला मिल्नेछ । | **मकर** : दैनिक व्यवहारमा खर्च बढ्न सक्छ । दिन सामान्य रहन्छ । |
| **सिंह** : नाम कमाउन अनुकूल प्रयास हुनेछन, विद्या र बुद्धिको विकास हुनेछ । | **कुम्भ** : आज सामाजिक तथा धार्मिक कृत्यमा मन जानेछ । |
| **कन्या** :आज सामाजिक प्रतिष्ठा कमाउने बेला छ । संगीतमा रुचि बढ्नेछ । | **मीन** : नयाँ कार्यको योजनाले आत्मिक सन्तुष्टि मिल्नेछ । |

# कृषि

## काभ्रेमा यस वर्ष सिँचाइका तीन सय ७७ योजना



काभ्रेपलाञ्चोकमा चालु आर्थिक वर्ष २०८०-०८१ मा तीन सय ७७ सिँचाइ आयोजना निर्माणको काम सञ्चालन हुनेछ । यसमध्ये सात वटा ठूला सिँचाइ आयोजना रहेको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय धुलिखेलले जनाएको छ ।

बागमती प्रदेश सरकार र संघीय सरकारबाट चालु आवका लागि विनियोजित बजेटबाट यस वर्ष जिल्लामा तीन सय ७५ वटा सिँचाइ योजना सञ्चालन हुने भएका हुन् । कार्यालयका सूचना अधिकारी इञ्जिनियर दीपक थापाका अनुसार यस वर्ष जिल्लामा सञ्चालन हुने ठूला सिँचाइका आयोजनामा नमोबुद्ध नगरपालिका-८ मा रु एक करोड १७ लाखको पिपलटार सिँचाइ योजना, रोशी गाउँपालिका-४ मा रु ९० लाखको कटुञ्जबेँसी लिट सिँचाइ (सोलार प्रणाली) योजना, नमोबुद्ध-२ मा रु ९० लाखको काशीखण्ड सिँचाइ योजना, नमोबुद्ध-६ मा रु ८० लाखको जाइफल डेडा तल्लोबेँसी सिँचाइ योजनाका लागि बजेट विनियोजन भएको छ । यस्तै खानीखोला गाउँपालिका-७ मा रु ९० लाखको बागमती दुर्लुङ दोभान बोरनवेशी महाँकाल बृहत् सिँचाइ आयोजना, रोशी-९ मा रु ८० लाखको मङ्गलटार लिफ्ट सिँचाइ योजना र सोही गाउँपालिका वडा नं ६ मा रु दुई करोडको महाभारत सेती शिकारी लेखपानी कालीञ्चोक खार्पाचोक सिँचाइ योजनाको काम हुने थापाले बताए । उनका अनुसार चालु आवमा निर्माण हुने ठूला सिँचाइ योजनामध्ये कटुञ्जेबेँसी लिफ्ट सिँचाइ, जाइफल डेडा तल्लोबेँसी र बागमती दुर्लुङ दोभान बोरनबेँसी सिँचाइ योजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अघिल्लो आवमै सकिएको हो । चालु आवमा बागमती प्रदेश सरकारबाट सिँचाइका ठुला साना गरी तीन सय ५२ योजनाअन्तर्गत जिल्लाको पाँचखाल नगरपालिकामा ३८, मण्डनदेउपुर नगरमा ३९, भुम्लु गाउँपालिकामा २०, धुलिखेल नगरमा २४, बनेपा नगरमा १५, पनौती नगरमा साना ठूला सिँचाइ गरी २३ योजना, नमोबुद्ध नगरमा २६, रोशीमा ५६, तेमालमा २५, महाभारतमा २६, खानीखोलामा २१, बेथानचोकमा १३ र चौरीदेउराली गाउँपालिकामा २६ वटा योजनामा बजेट विनियोजन भएको कार्यालयले जनायो । यस वर्ष संघीय सरकारबाट भने करिब २५ वटा योजनामा बजेट विनियोजन गरिएको छ । आयोजना सञ्चालनार्थ ठेक्का आह्वान तथा सम्झौता प्रक्रियाको काम भइरहेको थापाले बताए । काभ्रेपलाञ्चोकमा १३ स्थानीय तह छन् । कार्यालयले गत आवमा कूल सिँचाइ योजनामध्ये ८९ प्रतिशतको निर्माणकार्य सम्पन्न गरेको जनाएको छ । जसमध्ये प्रदेशतर्फका एक सय १३ मध्ये एक सय आठ र संघीय सरकारतर्फका ६० योजनामध्ये ४६ वटाको काम सम्पन्न गरेको थापाले बताए । गत वर्षबाट सुरु गरिएका १३ वटा बहुवर्षीय सिँचाइका योजनामध्ये पाँच योजनाको काम सम्पन्न भइसकेको छ ।**-रासस**

## लोपोन्मुख रैथाने 'तिल्की' धान संरक्षण गर्न थालियो



स्दाङमा रैथाने 'तिल्की' धान संरक्षण गर्न थालिएको छ । पछिल्लो समय लोपन्मुख मानिएको उक्त धान तुलसीपुर उपमहानगरपालिका-१८स्थित विजौरीमा करिब दुई बिघा जग्गा भाडामा लिएर खेती सुरुवात गरिएको हो । पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र र संयुक्त राष्ट्रसंघीय विश्व वातावरण कोष साना अनुदान कार्यक्रमबीच सम्झौता भई प्राङ्गारिक खेतीअन्तर्गत तिल्की धानको खेती सुरु गरिएको केन्द्रका अध्यक्ष डिल्लीबहादुर रावतले बताए । 'प्राङ्गारिक खेती हराउँदै गयो, तिल्की र सिम्ठारोजस्ता धान रोप्न छोडियो',उनले भने,'मानव स्वास्थ्यका लागि प्राङ्गारिक खेती अपरिहार्य छ, त्यसैले हामीले दाङमा यो खेती सुरुवात गरेका हौँ ।' मुक्त पूर्वकम्लरीले सञ्चालन गरेको गन्यारी कृषि सहकारी संस्थामार्फत उक्त धान खेती सुरु गरिएको हो । तिल्की धानको चामल मिठो हुने र गर्मी पनि खप्न सक्ने धान हो । धान दाङको पहिचान मानिएको यो जातको धान विगतमा धेरैले लगाउने गर्थे तर पछिल्लो समय हाईब्रिड धान नै किसानको रोजाइँ बनेपछि यो धान लोप हुने अवस्थामा आयो । सोही सहकारीले १० कट्ठा जग्गामा रैथाने सिमठारो जातको धान पनि लगाएको छ । धान भित्र्याएपछि सोही जग्गामा रैथाने प्याज, लसुन र आलु खेती गर्ने तयारी रहेको सहकारीका अध्यक्ष लक्ष्मी चौधरीले बताइन् । उनका अनुसार अझै २५ हेक्टर जमिन भाडामा लिएर प्राङ्गारिक खेती गरिने भएको छ । 'हामीले अहिले तुलसीपुरमा रैथाने जातको तिल्की र सिमठारो जातको धानखेती गरिरहेका छौँ',उनले भनिन् 'धान भित्र्याएपछि प्याज, लसुन र आलुखेती गर्ने छौँ, हामीले २५ हेक्टर जमिन जग्गा लिएर खेती गर्ने तयारी गरेका छौँ ।' सबै खालका खेतीमा प्राङ्गारिक मल प्रयोग गर्ने गरिएको केन्द्रका अध्यक्ष रावतले बताए । उनले १०/१५ वर्षमा दाङलाई नै प्राङ्गारिक उपत्यका बनाउने योजनाअनुसार यो कार्यक्रम तयार गरिएको जानकारी दिए । यो कार्यक्रम दुई वर्षसम्म सञ्चालन भए पनि प्रत्येक किसानलाई प्राङ्गारिक खेतीका बारेमा बुझाउने उद्देश्य पनि रहेको अध्यक्ष रावतको भनाइ थियो । लुम्बिनी प्रदेश सरकारले दाङलाई तिल्की धान र आलुको हब बनाउने योजनासमेत बनाएको छ । विषादीजन्य खानेकुराले गर्दा मानिसमा क्यान्सरजस्ता जटिल रोग लाग्ने भएकाले प्राङ्गारिक खानेकुरामा जोड दिनुपर्ने कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले बताए । अहिले स्थानीय सरकारले पनि प्राङ्गारिक खेतीलाई जोड दिने गरेको छ ।

उपमहानगरपालिकाका उपप्रमुख स्यानी चौधरीले प्राङ्गारिक खेतीका बारेमा किसानलाई बुझाउने गरी कार्यक्रम तय गरिएको बताइन् । 'हामीले किसानलाई प्राङ्गारिक खेतीबारे बुझाउने गरी कार्यक्रम तय गरेका छौँ',उनले भनिन्, 'त्यसो गर्न सकेमा प्राङ्गारिक खानेकुरा बजारमा पाउन सकिन्छ ।' प्रदेश सरकारले पनि प्राङ्गारिक उत्पादनलाई प्राथमिकता राखेको त्यहाँका कृषि तथा भूमि व्यवस्थामन्त्री भण्डारीलाल अहीरले बताए । 'पुर्खाहरुले प्राङ्गारिक मल प्रयोग गर्दा पनि धेरै उत्पादन हुन्थ्यो',उनले भने 'अब हामीले पनि प्राङ्गारिक उत्पादनमा जोड दिन सकेमा मानव स्वास्थ्यलाई फाइदा पुऱ्याउथ्यो, यसतर्फ प्रदेश सरकार सचेत छ ।' किसानलाई प्राङ्गारिक खेतीतर्फ आकर्षित गराउनका लागि विभिन्न तालिम तथा सामग्री उपलब्ध गराइने भएको छ । त्यसका लागि संयुक्त राष्ट्रसँघीय विश्व वातावरण कोषको साना अनुदान कार्यक्रमले रु ४८ लाख सहयोग गरेको छ ।**-रासस**

## धानबालीमा गबारो र पात बेरुवा किरा



तनहुँमा धानबालीमा गबारो र पात बेरुवा किरा देखिएको छ । म्याग्दे गाउँपालिका-७ पयेरमा धानबाली अनुगमनका क्रममा गबारो र पात बेरुवा किरा देखिएको हो ।

गत वर्ष देखिएको समस्या यस वर्ष पनि देखिएको म्याग्दे गाउँपालिका कृषि शाखा प्रमुख रुक्मिता घिमिरेले जानकारी दिइन् । 'किरा नास गर्न काम थालिसकेका छौँ', उनले भनिन् । उनका अनुसार यस क्षेत्रको करिब २० रोपनी क्षेत्रफलको धानबालीमा खाद्यतत्व कमी देखिएको छ । गत वर्ष उक्त क्षेत्रमा समस्या देखिएपछि माटोको परीक्षण गरी किसानलाई परामर्श दिइएको थियो । समस्या समाधानका लागि विभिन्न उपाय कृषकलाई सिफारिस उपयोग गर्न आग्रह गरिएको शाखा प्रमुख घिमिरेले बताइन् । 'गत वर्षको तुलनामा कम भएको छ, यस वर्ष पनि देखिएकाले समाधान समयमा गर्नेछौँ', उनले भनिन् । खेतबारीमा धेरै झार, घाँस रहन नदिई सरसफाइ गरेर किराबाट बचाउन सुझाव दिइएको गाउँपालिकाले जनाएको छ । खाद्यतत्व कमी भएका खेतबारीमा कृषि प्राविधिकले सिफारिस गरेका परिमाणमा रासायनिक मल प्रयोग गरेमा यस्ता समस्या छिट्टै समाधान हुने उनको भनाइ छ । विगतका समस्या यस वर्षमा नदोहोरियोस भनेर अनुगमन र समाधानका उपाय अपनाउन कृषकलाई सुझाव दिइएको शाखाले जनाएको छ । गत वर्ष देखिएको मिली बग आफ्नो बालीको स्थितिको जानकारीका लागि समय समयमा अनुगमन र निरीक्षण गरी समाधानतर्फ लाग्न सुझाव दिइएको कृषि शाखा प्रमुख घिमिरेले बताइन् । उनका अनुसार मिलि बग रोग लागेका खेतीमा कम्तीमा हप्ताको एक पटक अनुगमन तथा निरीक्षण गर्नुपर्छ ।

किसानलाई धानबालीमा खाद्यतत्वको कमी हुन नदिनका लागि एनपिकेको फोलिएर स्प्रे (पानी मिसाएर छर्किने) गर्नुपर्ने सुझाव दिइएको छ । कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले भने, 'पानी नपर्दा देखिने किरा हो, पानी परिरहेकाले अब विस्तारै हराउँछ ।' केही दिन सुक्खा भएको अवस्थामा यो किरा देखिएकाले त्यस क्षेत्रका किसानलाई पोटास लगेर धानबालीमा छर्कन सुझाव दिइएको उनले बताए । म्याग्दे क्षेत्रमा यो समस्या देखा परे पनि अन्य स्थानमा यस्ता समस्या नरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

खेतमा सुक्खापन देखिना साथ किराको सङ्क्रमण देखिने भएकाले खेतमा पर्याप्त मात्रामा पानी र मल राख्नुपर्ने प्रमुख तिवारीले बताए । वर्षाले यस्तो समस्या आफैँ समाधान हुँदै जाने उनले जानकारी दिए । तनहुँमा आठ हजार तीन सय २० हेक्टर क्षेत्रफल जमिनमा धानखेती भइरहेको ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार आर्थिक वर्ष २०७९/८० मा कार्यालयले धान प्रवर्द्धनका लागि रु ५० लाख बजेट विनियोजन गरेको थियो । चालु आवमा धानखेतीलाई प्रोत्साहन गर्ने उद्देश्यले गत वर्षको तुलनामा रकम बढाएर रु एक करोड ५० लाख बजेट विनियोजन गरिएको छ । **-रासस**

## सूर्यमुखी फूलको खेतीमा रमाउँदै मिलन



दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खार्मीस्थित बोहोरीबोटका मिलन राईले विसं २०७७ मा माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेका छन् । खार्मीस्थित कालिका माध्यमिक विद्यालयबाट सोह्र वर्षको उमेरमा 'ए' ग्रेड ल्याएर एसइई उत्तीर्ण गरेका उनले घरको कमजोर आर्थिक अवस्थाका कारण उच्च शिक्षा अध्ययन गर्ने मनस्थिति बनाए ।

गाउँका अधिकांश परिवार वैदेशिक रोजगारीमा रहेकाले मिलनको रोजाइ पनि विदेश जाने नै रह्यो । मलेसिया जानका लागि आवश्यक कागजात बोकेर काठमाडौँ पुगेर उनले मेनपावर कम्पनीमा राहदानीसमेत बुझाए । वैदेशिक रोजगारसम्बन्धी काम गर्दै आएका खोटाङकै केपिसालगढी गाउँपालिकाका कृष्ण राईलाई राहदानी बुझाएका मिलनलाई मेनपावर कम्पनीले रु तीन लाख ५० हजार धरौटी रकम लाग्ने सुनायो । नेपाल सरकारसँगको सम्झौताअनुसार ज्यामी काममा मलेसिया जान का लागि फ्रि भिजा, फ्रि टिकेट भनिए पनि मेनपावर कम्पनीले त्यतिका पैसा लाग्ने सुनाएपछि मिलनको सोच एकाएक बदलियो । अहिले भर्खर १९ वर्ष लाग्नुभएका मिलनले मेनपावर कम्पनीको कुरा सुन्नासाथ गाउँ फर्किएर आफ्नै ठाउँमा केही गर्ने सपना बुन्न थाले । आफ्नै गाउँमा केही गर्न सकिन्छ कि भन्ने बारेमा युट्युब खोतल्न थाले । परम्परागत खेती प्रणाली अपनाएर जीवन निर्वाह गर्दै आइएको खार्मीमा उनले व्यावसायिकरुपमा सूर्यमुखी फूलको खेती गर्ने निधो गरे । मकै, कोदो र आलु खेती हुँदै आएको चार रोपनी जग्गामा सोलुखुम्बुबाट खरिद गरेर ल्याएको छ केजी सूर्यमुखी फूलको दल राखेर व्यावसायिक खेती सुरु गरे । अहिले मिलनले लगाएको व्यावसायिक सूर्यमुखी फूल ढकमक्क फुलेको छ । सँधियारले आसपासको जग्गामा लगाएको मकै र कोदो फलिरहँदा मिलनको जग्गामा पँहेपुर भएर ढकमक्क फुलेको सूर्यमुखी फूलको खेती देख्दा रमित लाग्दो छ । युट्युबमा हेरेर बिना परीक्षण व्यावसायिक रुपमा सुरु गरिएको सूर्यमुखी फूलको खेती राम्ररी सप्रिएकाले आगामी वर्ष थप वृद्धि गर्ने तयारी गरिएको मिलनले बताए । 'विदेश जाने सोच बनाएको थिए । फ्रि भिजा, फ्रि टिकेट भनिएको ठाउँमा पनि दलालहरुले ठग्दा रहेछन्', उनले भने, 'त्यतिका पैसा खर्च गरेर अर्काको देशमा पसिना बगाउनुभन्दा आफ्नै ठाउँमा केही गरौँ भन्ने सोच आयो । परीक्षणकालमै राम्रो उत्पादन हुने देखिएको छ । आगामी दिनमा थप विस्तार गर्ने तयारीमा छु ।' फल लाग्दै गरेको सूर्यमुखी फूल पाक्ने बित्तिकै सोही जग्गामा तोरी खेती गर्ने तयारी गरिएको मिलनले जानकारी दिए । 'परम्परागत खेतीले जीवन निर्वाहबाहेक केही गर्न सकिँदैन । गाउँमा आम्दानीको अन्य स्रोत पनि छैन । आम्दानीको स्रोत वृद्धि गर्न गाउँमै तेलहनजन्य खेतीलाई व्यावसायिक बनाउने सोचमा छु', उनले भने, 'आफ्नो गाउँमा खपत हुने खानेतेल आफ्नै गाउँमा उत्पादन गर्ने गरी योजना बनाएको छु । उत्पादित कच्चा पदार्थलाई आफैँ प्रशोधन गर्ने गरी मिलसमेत खरिद गर्ने तयारीमा छु ।' नगरपालिकाको कृषि शाखामा आधिकारिकरुपमा सूर्यमुखी कृषि फार्म दर्ता गरेर सूर्यमुखी फूलको व्यावसायिक खेती सुरु गरे मिलनलाई आमा र बुबाले समेत साथ दिँदै आएका छन् । परम्परागत कृषि प्रणाली अपनाउँदै आएका छिमेकीसमेत मिलनको सूर्यमुखी फूलको व्यावसायिक खेती देखेर सिको गर्ने तयारीमा छन् । खार्मीका मिलनले लगाएको सूर्यमुखी फूलको उत्पादनलाई हेरेर आगामी दिनमा त्यहाँका कृषकलाई अनुदानको व्यवस्था गर्ने योजना बनाइएको नगर उपप्रमुख विशन राईले बताए । 'खार्मी, पाथेका र जालपालाई तेलहनजन्य कृषि उत्पादनको पकेट क्षेत्र बनाउने तयारी गरिएको छ । मिलन भाइले सूर्यमुखी फूलको खेती सुरु गरे ।' उनले भने,'व्यावसायिक रुपमा कृषि पेसा अपनाउने व्यक्तिलाई प्रोत्साहन गर्न नगरपालिकाले अनुदानको व्यवस्था गरेको छ । उनी (मिलन राई) ले लगाएका सूर्यमुखी फूलको खेती सफल भएको खण्डमा उनलाई नगरपालिकाको तर्फबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।' किशोरावस्था ननाघेका मिलनले आफ्नै लगानीमा व्यावसायिक रुपमा सूर्यमुखी फूलको खेती सुरु गरेपछि नगर उपप्रमुख राई कृषि शाखा प्रमुख तेजप्रकाश जैसीसहितका टोली लिएर अवलोकनमा खार्मी पुगेका थिए । पन्ध्र वडा रहेको यस नगरपालिकाको नवौँ नगरसभाले खार्मी, पाथेका र जालपालाई तेलहनजन्य खेतीका लागि पकेट क्षेत्र बनाउने घोषणा गरेको अवस्थामा मिलनले सुरु गरेको सूर्यमुखी फूलको खेती सप्रिएको खबर पाएपछि उपप्रमुख राईको टोली अवलोकनमा खार्मी गएको हो ।**-रासस**

# संसदीय समिति सभापतिमा उम्मेदवारी दर्ता हुँदै




पाल्पा, भदौ ९/प्रतिनिधि सभा अन्तर्गत गठित १० वटा विषयगत समितिको सभापति निर्वाचनका लागि आज उम्मेदवारी दर्ता हुँदै छ । सोमबार हुने निर्वाचनका लागि सभापतिको उम्मेदवारी प्रस्ताव दर्ता हुने भएको हो ।

प्रतिनिधिसभाको सम्बन्धित समितिको कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस् भनी कुनै अर्को कुनै एक सदस्यको समर्थनसहित । बिहान ११:०० देखि बेलुका ४ बजेसम्म प्रस्ताव दर्ता गर्ने समय तोकिएको छ । यसरी निर्धारित समयभित्र दर्ता भएका प्रस्तावको सूची आज नै प्रकाशन गरिनेछ । यस्तो सूची दर्ताक्रमअनुसार निर्धारण हुने संसद् सचिवालयले जनाएको छ । दर्ता भएको प्रस्ताव सम्बन्धित समितिको बैठकमा प्रस्तावकले सोमबार प्रस्तुत गर्ने छन् । प्रतिनिधिसभा नियमावलीमा भएको व्यवस्थाअनुसार संसदीय समितिमा सभामुखले तोकेको दिन सभापतिको निर्वाचन हुने र त्यसको सूचना सचिवले ४८ घण्टाअगावै प्रकाशन गर्नुपर्ने प्रावधान छ । समर्थकले उक्त प्रस्तावको समर्थन गरेपछि निर्णयार्थ प्रस्तुत हुनेछ । प्रधानमन्त्री र विषयगत मन्त्रालयका मन्त्रीहरू एकभन्दा बढी समितिमा पदेन सदस्य रहने भएकाले यस्ता सदस्यले आफू कुन समितिको मतदानमा सहभागी हुने भन्ने लिखित जानकारी आइतबारसम्ममा सभामुखलाई दिइसक्नुपर्नेछ । तर प्रतिनिधिसभाको सदस्य नरहेका पदेन सदस्यले भने निर्वाचनमा मत दिन पाउने छैनन् । प्रतिनिधिसभाका १० र दुई वटा संयुक्त समितिका सभापति चयन भएका छैनन् । प्रतिनिधिसभाका समितिको गठन वैशाख १५ मा भएको थियो । सभामुखले सभापति चयनका लागि मिति नतोक्दा र राजनीतिक दलहरूले चासो नराख्दा संसदीय समितिहरू प्रभावहीन भएका थिए । सत्तारूढ र प्रमुख प्रतिपक्षले भने आ-आृनो दलीय उपस्थितिका आधारमा संसदीय समिति सभापति चयन गर्ने निर्णय गरिसकेका छन् । सहमतिअनुसार काँग्रेसले ४, एमालेले ३, माओवादी केन्द्रले २, एकीकृत समाजवादी, जसपा र जनमतले १-१ वटा समितिको सभापति लिनेछन् ।

# बगनासकाली विवाद कायमै...

...कानूनी प्रावधान अनुसार सेवाग्राहीले कुनै पनि जानकारी र शिफारिस मागेको खण्डमा जति सक्दो छिटो दिनुपर्ने प्रावधानलाई समेत पालिकाले बेवास्ता गरेर अनावश्यक रुपमा वडाअध्यक्षसँग राजनीतिक पुर्वाग्रह राखेको नेपाली काँग्रेस पाल्पाका कार्यवाहक सभापति झपेन्द्र गहिरेले बताए । गहिरेले भने 'अनावश्यक रुपमा विवाद वढाउँनु भन्दा सेवाग्राहीका रुपमा कार्यालयलाई निवेदन दिएका व्यक्तिहरु प्रति न्याय दिनुपर्नेमा सो नभएको उनको आरोप छ । निवेदनका आधारमा प्रमाणीकरण गर्न समस्या छैन्,तर अध्यक्ष र उपाध्यक्षले आफुहरुले पनि हेरे पछि मात्र शिफारिस दिनु भन्ने आसय व्यक्त गरेका कारण पीडितहरुलाई आइतबार बोलाइएको उनले जानकारी दिए । पिडित पक्षले भने आफुहरुलाई अपराधी करार गर्न सिंगो कार्यपालिका लागि रहेका कारण रातारात प्रमाण गायव गर्ने मनसायका साथ प्रमाणीकरण नगरेको आरोप लगाउँदै आएका छन् ।

वडाका वडा अध्यक्ष लक्ष्मी अधिकारीले डम्पिंग गरेको भन्दै कार्यपालिकाले एक महिना पहिला वडाअध्यक्ष अधिकारीलाई जरिमाना गर्ने निणर्य गरेको थियो । तर डम्पिंग गरिएको बालुवा वडाअध्यक्षको नभएको भन्दै वडाका स्थानीय बोटे युवाहरुले आफुहरुले रोयल्टी तिरेर ल्याएको बिल समेत देखाउँदै आएका छन् । उनीहरुले गिट्टी, बालुवा आफुहरु रहेको दावी गर्दै पालिकामा निवेदन दिएका थिए । पालिकाले सो गिट्टी, बालुवा वडाअध्यक्ष कै भएको भन्दै राजनीतिक पुर्वाग्रहका आधारमा आफुलाई फसाउँन खोजको वडाअध्यक्ष लक्ष्मी अधिकारीले बताउँदै आएका छन् । यो विषयलाई लिएर शुक्रबार सम्म दुवै पक्षबाट पटक-पटक पत्रकार सम्मेलनर गरेर एकले अर्काको दोषारोपण गर्ने होडवाजीले अहिले ठूलो विवाद सिर्जना गरेको छ । नदीजन्य पदार्थको डम्पिंग र बालुवा र गिट्टीको विषयलाई अख्तियारले समेत चासो देखाएको छ । घटनाले दिन प्रति दिन राजनीतिक लडाईको रुप लिएको छ । वडा ६ को नदीजन्य सामाग्रीको अपचलन भएको भन्ने पालिकाले आफुहरु प्रति अन्याय गरेको भन्दै वडा ६ का स्थानीय बोटे,वडा ६ का वडाअध्यक्ष लक्ष्मी अधिकारी र स्थानीहरु आन्दोलन र धर्नामा बस्दै आएका छन् । नदीजन्य पदार्थ अपचलन गरी डम्पिंग गरी राखिएको आरोप लगाएर गाउँ कार्यपालिकाले गत एक महिना पहिला वडाअध्यक्षलाई २ लाख दश हजार जरिवाना गर्ने निणर्य गरे पछि विवाद चुलिदै गएको हो ।

वडाअध्यक्ष अधिकारीले डम्पिंग गरी राखेको भनिएको गिट्टी, बालुवा बोटेहरुले रोयल्टीबापत पैसा तिरेका रसिद समेत जुटाएर त्यो बालुवा आफुहरुको भएको दावा गर्दै आएपछि घटनाले ठूलो रुप लिएको हो । स्थानीय बाटेहरुले काटेको रोयल्टी वापतको रसिदको अर्थकट्टी प्रमाणिकरण गर्न माग गरे पछि पालिकाले सो गर्न आनाकानी गरे पछि, पिडित बोटेहरु धर्नामा बस्न बाध्य भएका हुन् । यो घटनाले गाउँपालिका र वडाअध्यक्ष बीचको असमझदारी दिन प्रति बढी रहेको छ । कार्यपालिका वडा अध्यक्ष लक्ष्मी अधिकारीलाई कारवाही गर्ने अडानमा देखिन्छ भने वडाअध्यक्ष अधिकारी आफु निर्दोष रहेकाले पालिकाले नै न्याय दिनुपर्ने दावी गर्दै आएका छन् ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## खेलकुद समाचार

### महिला टी-२० को उपाधि नेपाललाई




**काठमाडौं,** भदौं ९/महिला टी-२० सिरिजको उपाधि नेपालले जितेको छ । शनिबार भएको फाइनल खेलमा नेपालले हङकङलाई १३ रनले हराउँदै उपाधि हात पारेको हो ।

नेपालले ब्याटिङ गरिरहँदा वर्षा भएपछि खेलको छिनोफानो डकवर्थ लुइस पद्धतिका आधारमा गरिएको थियो । मलेसियाको राजधानी क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा नेपालले टस जितेपछि पहिला बलिङ गर्ने निर्णय गर्‍यो । मलेसियाले नेपालविरुद्ध ब्याटिङ गर्दै निर्धारित २० ओरमा ६ विकेट गुमाउँदै एक सय एक रन बनायो । एक सय दुई रनको विजयी लक्ष्यका साथ मैदानमा उत्रिएको नेपालले पाँच दशमलव तीन ओभर खेल्दा वर्षा भएपछि खेल रोकियो । त्यतिबेला नेपालले एक विकेटको क्षतिमा ३७ रन बनाएको थियो । इन्दु बर्मा १९ तथा सीता राना मगर १३ रनका साथ खेल्दै थिइन् । त्यसअघि काजल श्रेष्ठ भने रन नबनाइकन आउट भइन् । वर्षा अत्यधिक भएपछि खेल पुन: सुरु हुन नसकेपछि नेपाललाई विजयी घोषित गरिएको हो । नेपालले समूह चरणको पहिलो खेलमा हङकङलाई ६ विकेटले तथा दोस्रो खेलमा कुवेतलाई ३४ रनले हराएको थियो । अन्तिम खेलमा नेपाल मलेसियासित ६ विकेटले पराजित भएको थियो । त्यसैगरी हङकङ पहिलो खेलमा नेपालसित ६ विकेटले पराजित भएको थियो । उसले दोस्रो खेलमा मलेसियालाई १० विकेटले तथा तेस्रो खेलमा कुवेतलाई १६ रनले पराजित गरेको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# आज १० अर्बको विकास ऋणपत्र जारी हुँदै




**पाल्पा,** भदौ ९/नेपाल राष्ट्र बैंकले १० अर्ब बराबरको विकास ऋणपत्र जारी गर्न लागेको छ । सरकारले उठाउने आन्तरिक ऋणका रुपमा राष्ट्र बैंकले छ वर्ष अवधिको विकास ऋणपत्र २०८५ 'ज' जारी गर्न लागेको हो ।

ऋणपत्रका लागि आज दिउँसो ३ बजेसम्म बोलकबोल गर्न सकिने राष्ट्र बैंकको सूचनामा उल्लेख छ । भदौ ११ मा राष्ट्र बैंकले ऋणपत्र बिक्री जारी गर्ने जनाएको छ । बैंक तथा वित्तीय संस्था, गैर-बैंक वित्तीय संस्था, बीमा कम्पनी, सङ्गठित संस्था र सर्वसाधारण नागरिकसमेतले विकास ऋणपत्र खरिद गर्न सक्नेछन् । यो ऋणपत्रको ब्याजदर बोलकबोलका माध्यामकबाट निर्धारण गरिने राष्ट्र बैंकले जनाएको छ । यो ऋणपत्र धितो राखी कर्जासमेत लिन सकिनेछ । भदौ १० गते दिउँसो ३ बजेसम्म बोलकबोल हुने ऋणपत्र भदौ ११ गते सोमबार निष्काशन हुनेछ । अर्धवार्षिकरुपमा ब्याज भुक्तानी हुने यो ऋणपत्रको साँवा भुक्तानी २०८६ भदौ ११ मा हुनेछ । ऋणपत्रमा घटीमा ५० हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई ५० हजारले भाग गर्दा नि:शेष भाग जाने अंकमा लगानी गर्न सकिने राष्ट्र बैंकको सूचनामा उल्लेख छ । आउँदो पुससम्म सरकारले १ खर्ब १० अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने योजना बनाएको छ । चालु आर्थिक वर्षको बजेट वक्तव्यमा सरकारले तय गरेको आन्तिरिक ऋण संकलनका लागि नेपाल राष्ट्र बैंकले तालिका सार्वजनिक गरेको छ । जसअनुसार पुससम्ममा १ खर्ब १० अर्ब रुपैयाँ र त्यसपछिका ६ महिनामा १ खर्ब ३० अर्ब गरेर यस वर्ष कुल २ खर्ब ४० अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउन लागेको हो । यो ऋणपत्र खरिदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रियाअन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी कुनै एक बोलवालाको रुपमा मात्र भाग लिन सक्नेछन् । सरकारको लक्ष्य अनुसार राष्ट्र बैंकले ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रलगायत औजारमार्फत आन्तरिक ऋण उठाउँदै आएको छ ।

सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व
- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी रूपमा काम कारवाहीको सम्पादन
- सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई